**आ.व. ०८०/८१ को तेस्रो बैठक**

आज मिति २०८० साल भाद्र २४ गते आइतबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री लासाङ तामाङ | सदस्य-सचिव | ९८४४६६६४३३ | |

**अन्य**

लेखा शाखा प्रमुख श्री शम्भु श्रेष्ठ

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा

का.स. श्री कैलाश लिम्बु

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समिक्षा गर्ने सम्बन्धमा।

२. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थित सम्बन्धमा।

३. शहरी क्षेत्र, शहर उन्मोख क्षेत्र र ग्रामीण क्षेत्रको वर्गीकरण सम्बन्धमा।

४. चौमासिक समिक्षा सम्बन्धमा।

५. तिजको लागि बजेट विनियोजन गर्ने सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं.१**

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे नि.प्र.प्र.अ. श्री लासाङ तामाङबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२**

प्रस्ताव नं.-२ माथी छलफल गर्दा यस गाउँपालिकाको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरु सम्बन्धमा "भूमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा-४ को उपदफा (२) बमोजिम वडास्तरीय भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्नको लागि सम्पुर्ण वडामा जानकारी गराउने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-३**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको सम्पुर्ण क्षेत्रलाई शहरी क्षेत्र, शहरउन्मोख क्षेत्र र ग्रामिण क्षेत्रमा विभाजन गर्दा सम्पुर्ण क्षेत्रहरु ग्रामिण क्षेत्र अन्तर्गत रहेको सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-४**

प्रस्ताव नं.-४ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको विषयगत शाखा र वडाहरुको प्रत्येक चौमासिक समिक्षा गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-५**

प्रस्ताव नं.-५ माथी छलफल गर्दा ६ वटै वडाको एउटा समूहलाई वडास्तरीय तिज विशेष कार्यक्रम सञ्चालन गर्नको लागि रकम रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र।) गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम **नारी दिवस मनाउन (खर्च शीर्षक २२५२२)** बाट उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।